अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	सुवाषचन्द्र यादव र उमेश यादव मु.नं (०८०-CR-००६५) फैसला मिति २०८१/०१/२१	घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।	• प्रतिवादीहरु देवनारायण ठाकुर र सुवाषचन्द्र यादव उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.१२५,०००।– कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सोही दफा ३ को उपदफा (१) बमोजिम जरिबाना हुन तथा प्रतिवादी उमेश यादवले उक्त मूल कसूरदारहरुलाई घुस रिसवत लिन मद्दत गरी सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको पुष्टि भएकोले उक्त कसूरमा सोही दफा बमोजिम मूल कसूरदारलाई हुने सजायको आधा सजाय हुन मागदावी लिई आरोपपत्र दायर गरिएकोमा **प्रतिवादी देवनारायण ठाकुरलाई आरोप दावी बमोजिमको कसूरमा सजाय हुने** र **प्रतिवादीहरु सुवाषचन्द्र यादव र उमेश यादवलाई सफाई दिने** ।	• मिसिल संलग्न उजूरी, उजुरकर्ता र प्रतिवादी बीच भएको वार्तालापको अडियोको स्क्रिप्ट, वरामदी मुचुल्का तथा बुझिएका मानिसहरुले गरेको कागज तथा वकपत्र समेतका आधार प्रमाणबाट यी प्रतिवादी देवनारायण ठाकुरले आरोपित कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी देवनारायण ठाकुरलाई विगो वमोजिम जरिवाना र छ महिना कैद सजाय हुने ठहर्छ । • प्रतिवादीहरु सुवाषचन्द्र यादव र उमेश यादवको साथबाट घुस रिसवत रकम वरामद भएको नदेखिएको, यी प्रतिवादी सुवाषचन्द्र यादवले रकम माग गरेको भन्ने वार्तालापको अडियोबाट नदेखिएको, यी प्रतिवादीहरुको संलग्नता रहेको भनि कसूर ठहर भएका प्रतिवादी देव नारायण ठाकुरले अदालतमा गरेमो वयानमा पोल नगरेको तथा यी प्रतिवादीहरु आरोपित कसूरमा ईन्कार रही वयान गरेको देखिएको हुँदा यी प्रतिवादीहरु सुवाषचन्द्र यादव र उमेश यादवले आरोपित कसूरवाट सफाई पाउने भनि फैसला भएको देखिन्छ ।	• प्रस्तुत वारदातका उजुरकर्ता युवराज डाँगीले खरिद गरेको जग्गा कित्ताकाट गरी बाटो प्रमाणित गर्नको लागि नापी कार्यालय, भद्रपुर, झापा जाँदा सो कार्यालयका सर्भेक्षक देवनारायण ठाकुर र सर्भेक्षक सुबाष चन्द्र यादवले अनेक बाहाना बनाई कित्ताकाट गरिदिए वापत रु. १,२५,०००/- (एक लाख पच्चीस हजार) रकम घुस/रिसवत माग गरेकोले म बाध्य भई निजहरुलाई दिनको लागि नगद रु. ७०,०००/- र रु. ५५,०००/- को चेक समेतको उक्त रिसवत रकम म आफैले व्यवस्था गरि उक्त नोटको विवरण र रिसवत माग गर्दाको अडियो भिडियो सहित उजूरी गरेको भन्ने उजुरकर्ता युवराज डाँगीको उजूरी बेहोराबाट देखिन्छ । उक्त उजुरी बेहोरालाई पुष्टि गरी घुस रकम माग गर्ने यी प्रतिवादी सुवाषचन्द्र यादव समेत हुन भनि उजुरकर्ता युवराज डाँगीले अदालतमा उपस्थित भई वकपत्र गरेको देखिन्छ । निज प्रतिवादीहरुले निवेदकबाट उक्त रिसवत रकम लिएको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी समेतको टोलीबाट निज प्रतिवादीहरु मध्येका देवनारायण ठाकुर र उमेश यादवलाई उक्त घुस रकम सहित नियन्त्रणमा लिई कारवाहीको लागी पेश गरेको भन्ने प्र ना उ मान बहादुर राई समेतको प्रतिवेदनबाट देखिन्छ । देवनारायण ठाकुरले उक्त रिसवत रकम लिनको लागी उजूरकर्तालाई उमशे यादवले सञ्चालन गरेको फलफुल पसलमा वोलाएको र सोही स्थानमा उक्त वरामद नगद रिसवत लिई उमेश यादवलाई राख्न दिएको तथा चेक आफैले लिएको अवस्थामा अख्तियारको टोलिले पक्राउ गरेको हो, उक्त घुस रकम प्रतिवादी सुवाषचन्द्र यादव समेतको लागी लिएको हो भनि प्रतिवादी देवनारायण ठाकुरले मौकाको वयानमा खुलाएको देखिन्छ । सो बेहोरा वरामदी मुचुल्का तथा उजुरी/निवेदकले पेश गरेको श्रव्य दृष्य रेकर्ड सि.डी./डि.भि.डी. बाट पुष्टि भएको देखिन्छ । उक्त वरामदी मुचुल्कालाई पुष्टि हुने गरी प्रतिवेदक तथा मुचुल्काका साक्षीहरुले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । उजुरकर्ता र प्रतिवादी बीच भएको वार्तालापको अडियोको स्क्रिप्ट राइटिङ हेर्दा यी प्रतिवादीहरु देव नारायण ठाकुर र सुवाषचन्द्र यादव दुबै जनासँग घुस रकम लेनदेन सम्वन्धी वार्तालापहरु भएको देखिन्छ । उक्त आधार प्रमाणबाट यी प्रतिवादी सुवाषचन्द्र यादव समेतको मिलेमतोमा उजुरकर्ता युवराज डाँगीसँगबाट नगद रु. ७०,०००/- र रु. ५५,०००/- को चेक घुस रिसवत लिएको तथा उक्त घुस रकम लिनको लागी प्रतिवादी देवनारायण ठाकुर र उजूरकर्तालाई आफ्नो पसलमा स्थान उपलब्ध गराई घुस लिएको रकम समेत आफुले राखिदिई प्रतिवादी उमेश यादवले प्रस्तुत वारदातमा मतियार भई आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भईरहेको अवस्थामा उक्त मिसिल संलग्न प्रमाण ग्रहण नगरी यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा वदर भागी छ । • यी प्रतिवादीहरुले कित्ताकाट तथा बाटो प्रमाणितका लागी रु.१,२५,०००।- घुस रिसवत लिएको हो, घुस रकम माग गर्ने यी प्रतिवादी सुवाषचन्द्र यादव समेत हुन, निजहरुले घुस रकम माग गर्दाको अडियो र घुस लिँदै गर्दाको भिडियो समेत पेश गरेको छ भनि उजुरकर्ता युवराज डाँगीले अदालतमा उपस्थित भई अनुसन्धानको क्रममा वयानलाई पुष्टि हुने गरी वकपत्र गरेको देखिन्छ। उजुकर्ताको सूचनाको आधारमा यी प्रतिवादीहरुले लिएको घुस रकम नगद तथा चेक समेत गरी रु.१,२५,०००।- वरामद गरेको हो भनी प्रतिवेदक प्र ना उ मान बहादुर राई समेतले बकपत्र गरेको देखिँदा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने कानूनी व्यवस्था अनुसार उक्त वकपत्रलाई प्रमाणमा ग्रहण गर्नु पर्दछ । मिसिल संलग्न उक्त निवेदन उजूरी, घुस रकम लिने सम्वन्धमा भएको कुराकानी तथा घुस रकम लिएको देखिने श्रव्य दृष्य रेकर्ड सि.डी./डि.भि.डी., घुस रकम वरामद भएको वरामदी मुचुल्का, प्रतिवेदक समेतले गरेको वकपत्र समेतबाट यी प्रतिवादीहरु सुवाषचन्द्र यादव र उमेश यादव समेतले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न प्रमाण मूल्याँकन तथा प्रमाण कानूनको व्याख्याको रोहमा त्रुटीपूर्ण हुँदा बदर भागी देखिन्छ।

					• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरु **सुवाषचन्द्र यादव र उमेश यादवले** आफ्नो कार्यालयमा नियमानुसार कित्ताकाटको लागी आएका सेवाग्राहीबाट रिसवत रकम माग गरी नगद र चेक समेत जम्मा रु.१,२५,०००।- घुस रकम लिई आरोपित कसूर गरेको पुष्टि भएकोमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला सो हद सम्म त्रुटीपूर्ण भएकोले प्रस्तुत फैसला उपर पुनरावेदन गर्ने।